आज मिति २०७६ साल असारँ १० गतेका दिन यस नार्पा भूमि गाँउपालिकाको कार्यालयमा आ.व. २०७६/०७७ का लागि नीति, कार्यक्रम तथा बजेट र अनुमानित आय-व्यय विवरण पारित छैठौं गाँउसभाको गर्नका लागि यस गाँउपालिकाका अध्यक्ष श्री मिङमा छिरिङ लामाको अध्यक्षतामा बसेको छैठौं गाँउसभाले तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री मिङमा छिरिङ लामा |
| २. | सदस्य | श्री कोन्जो तेन्जिङ लामा (उपाध्यक्ष) |
| ३. | सदस्य | श्री रितार छिपेल लामा |
| ४. | सदस्य | श्री मिङमर फुन्जो लामा |
| ५. | सदस्य | श्री साङगी धावा लामा |
| ६. | सदस्य | श्री छिरिङ डेण्डो घले |
| ७. | सदस्य | श्री सोनाम तेजे लामा |
| ८. | सदस्य | श्री कर्म छ्योटे लामा |
| ९. | सदस्य | श्री याङजिङ साङमा लामा |
| १०. | सदस्य | श्री धावा याङजेन लामा |
| ११. | सदस्य | श्री टसि छेन्जोम लामा |
| १२. | सदस्य | श्री ल्हाक्पा सोनाम शेर्पा |
| १३. | सदस्य | श्री पासाङ ढेण्डी घले |
| १४. | सदस्य सचिव | श्री नेत्रमणि न्यौपाने |

विशेष उपस्थितिः

१५. जि.स.स उप प्रमुख श्री कृष्ण बहादुर लामा

अन्य उपस्थितिः

| | | |
|---|---|---|
| १६. | श्री लक्ष्मण अर्याल | अधिकृत छैठौं |
| १७. | श्री उज्वल बाँस्तोला | सूचना प्रविधि अधिकृत |
| १८. | श्री महेश पाखिन | कृषि शाखा प्रमुख |
| १९. | श्री अमन दरै | सव-इन्जिनियर |

२०. श्री अमिताव आलम — हेल्थ असिष्टेण्ट, स्वास्थ्य संयोजक

२१. श्री विकास वावु बराम — पशु सेवा प्राविधिक

२२. श्री छविलाल खत्रि — कार्यालय सहयोगि

२३. श्री छोर्तेन छोवाङ लामा — कार्यालय सहयोगि

२४. श्री फुन्चो वाङगेल लामा — कार्यालय सहयोगि

२५. श्री कर्मा छिमी लामा — कार्यालय सहयोगि

२६. ~~श्री विकास बाबु बराम पद~~

२७. प्र. प्रनि कुन्के खड्का प्र. मा. प. नेता

२८. श्री नाङ छोवाङ लामा

२९. श्री फुर्पा छिले लामा

३०. श्री सुरेश प्रसाद धवल (श्रि शर्मा) ना. आ. कि.

३१. श्री पेम्बा फुन्जो लामा

३२. श्री फुन्चो पासाङ लामा

३३. श्री कर्मा वाङदी लामा

३४. श्री टासी छिरिङ लामा

३५. श्री फुन्जो छिले लामा

३६. श्री मिङमर ~~फुन्जो~~ सोनमा लामा

३७. श्री सङ्गो छिमी लामा

३८. श्री टासी रिन्छेन लामा

३९. श्री लाक्पा सोनम लामा

४०. श्री लाक्पा छिरिङ लामा

४१. एक राम पाण्डे

४२. कृष्ण प्रसाद रेग्मी

४३. तिल बहादुर पुन मगर

४४. श्री चित्र ~~बम मघर~~ ब. काँ मगर

४५. श्री पेम्बा खम्बुङ लामा

४६.

**प्रस्ताव नं १**

नार्पा भूमि गाँउपालिका गाँउ कार्यपालिकाबाट स्विकृत राजस्व परामर्श समितिले पेश गरेको प्रतिवेदन २०७६ यस गरिमामय गाँउसभाबाट अनुमोदन गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्दछु ।

**निर्णय नं १**

प्रस्ताव नं १ उपर छलफल गर्दा नार्पा भूमि गाँउपालिका गाँउ कार्यपालिकाबाट स्विकृत राजस्व परामर्श समितिले पेश गरेको प्रतिवेदन २०७६ आजको सभाको सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २**

नार्पा भूमि गाँउपालिकाको विपद् व्यवस्थापन समिति र कोष सम्वन्धमा

**निर्णय नं २**

प्रस्ताव नं २ मा छलफल गर्दा नार्पा भूमि गाँउपालिकाको विपद् व्यवस्थापन कोषमा आ.व. २०७५/०७६ सम्मको रकम रु १०,००,०००।- आगामी आ.व. २०७६/०७७ मा थप रु १०,००,०००।- विनियोजन गरि जम्मा रु २०,००,०००।- को विपद व्यवस्थापन कोष खडा गर्ने तथा विपद् व्यवस्थापन समितिलाई पूर्णता दिई यस समितिलाई सक्रियताका साथ चलायमान गराउने निर्णय यस गाँउसभाबाट सर्वसहमतिले पास गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३**

नार्पा भूमि गाँउपालिकाका अन्तर्गत चालु आ.व. २०७५/०७६ मा सञ्चालन भई सम्पन्न भएका योजनाहरुको भूक्तानी समेत भएका कार्यक्रम एवं उक्त योजनाहरुको हाल सम्म भएको आय व्यय को अनुमोदन तथा सम्पन्न भई भूक्तानि हुन बाँकि रहेका योजनाहरुको नियमानुसार भूक्तानि गर्ने अख्तियारी गाँउ कार्यपालिकालाई प्रदान गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ को सम्वन्धमा छलफल गर्दा यस नार्पा भूमि गाँउपालिकाको चालु आ.व. २०७५/०७६ मा सम्पन्न भई सकेको तथा योजनाहरुको हालसम्म भएको आय व्यय अनुमोदन गरिनुका साथै भूक्तानि हुन बाँकि रहेका योजनाहरुको नियमानुसार भूक्तानि गर्ने आदेश यस गाँउसभाको आजको बैठकले दिने निर्णय पारित भयो ।

**प्रस्ताव नं ४**

कार्यपालिकाबाट स्वीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिका प्रतिवेदनहरु आ.व. २०७६/०७७ को आर्थिक विधेयक, विनियोजन विधेयक तथा वार्षिक नीति, कार्यक्रम तथा बजेट छलफल सहित स्वीकृत गरियोस भनि सभा समक्ष पेश गर्दछु ।

**निर्णय नं ४**

प्रस्ताव नं ३० उपर आवश्यक छलफल गरी कार्यपालिकाबाट स्वीकृत तपसिल अनुसारका प्रतिवेदनहरु यस सभाको पूर्ण मतले स्वीकृत गरियो ।

तपसिल

१. नार्पा भूमि गाँउपालिकाको आर्थिक विधेयक, २०७६

२. नार्पा भूमि गाँउपालिकाको विनियोजन विधेयक, २०७६

३. नार्पा भूमि गाँउपालिकाको आ.व. २०७६/०७७ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

**प्रस्ताव नं ५**

गाँउपालिकाको गुरुयोजना, आवधिक विकास योजना तथा नार्पा भूमि गुरुयोजना निर्माण तथा कार्यान्वयनका लागि विभिन्न क्षेत्रका विषय विज्ञहरुको सेवा परामर्श लिई सम्वन्धित गुरुयोजनाहरु निर्माण गर्न गाँउकार्यपालिकाको निर्णय स्विकृत होस भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ उपर छलफल गर्दा गाँउपालिकाको गुरुयोजना, आवधिक विकास योजना तथा नार्पा भूमि गुरुयोजना निर्माण तथा कार्यान्वयनका लागि विभिन्न क्षेत्रका विषय विज्ञहरुको सेवा परामर्श लिई सम्वन्धित गुरुयोजनाहरु निर्माण गर्न गाँउकार्यपालिकाको निर्णय स्विकृत गरिएको छ।

**प्रस्ताव नं ६**

यस गाँउपालिकामा सेवा करार सम्झौता गरि पदपूर्ति गरिएका सम्पूर्ण कर्मचारिहरुलाई आगामी आ.व. २०७६/०७७ करार सेवा थप सम्झौता गरि निरन्तरता दिनका लागि गाँउसभामा प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं ६**

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गाँउपालिकामा गत विगत वर्ष देखि सेवा करार सम्झौता गरि पदपूर्ति गरिएका सम्पूर्ण कर्मचारिहरुलाई आगामी आ.व. २०७६/०७७ मा करार सेवा थप सम्झौता गरि निरन्तरता दिन गाँउकार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं ७**

यस गाँउपालिकामा हाल सेवा करारमा कामकाज गरिरहेका सूचना प्रविधि अधिकृत श्री उज्वल बास्तोलाको हकमा हाल LGCDP बाट ७५% तलब भत्ता लगायत सुविधा उपलब्ध गराईएको हुँदा आगामी आ.व. २०७६/०७७ समेतका लागि सेवा करार अवधि थप गर्न अनुरोध गर्ने, त्यस्तो हुन नसकेमा निजको आगामी आ.व. २०७६/०७७ मा यसै निर्णय अनुसार सेवा करार अवधि थप गरि गाँउपालिकाबाट नै नेपाल सरकारको रा.प. तृतीय श्रेणीको अधिकृत स्तरको तलब, स्थानीय (दुर्गम) भत्ता, चाडवाड खर्च, पोशाक भत्ता र महंगी भत्ता लगायतका सुविधा उपलब्ध गराउने कार्यपालिकाको निर्णय अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ उपर आवश्यक छलफल गर्दा यस गाँउपालिकामा हाल सेवा करारमा कामकाज गरिरहेका सूचना प्रविधि अधिकृत श्री उज्वल बास्तोलाको आगामी आ.व. २०७६/०७७ मा सेवा करार अवधि थप गरि यस नार्पा भूमि गाँउपालिकाबाट नै नेपाल सरकारको रा.प. तृतीय श्रेणीको अधिकृत स्तरको तलब, स्थानीय (दुर्गम) भत्ता, चाडवाड खर्च, पोशाक भत्ता र महंगी भत्ता लगायतका सुविधा उपलब्ध गराउने कार्यपालिकाको निर्णय यस गाँउसभाबाट सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव नं ८**

नार्पा भूमि गाँउपालिकामा सेवा करार रहेका वा रहने कर्मचारीहरुलाई स्थायी कर्मचारी सरह नै जुन पदमा रहेको हो सो पदको नेपाल सरकारले तोकेको सुरु स्केल तलब स्थानीय भत्ता, चाडवाड खर्च तथा पोशाक भत्ता लगायत थप पाउनु पर्ने सुविधा नियमानुसार दिन कार्यपालिकाको निर्णय अनुमोदन गरियोस भनि प्रस्ताव राख्दछु ।

**निर्णय नं ८**

प्रस्ताव नं ८ मा छलफल गर्दा नार्पा भूमि गाँउपालिकामा सेवा करारमा रहेका कर्मचारीहरुलाई स्थायी कर्मचारी सरह नै जुन पदमा रहेको हो सो पदको नेपाल सरकारले तोकेको सुरु स्केल तलब लगायत थप पाउनु पर्ने सुविधा नियमानुसार दिन गाँउपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९**

बजेट सिमा निर्धारण समितिले स्रोत अनुमान गरेको आगामी आ.व. २०७६/०७७ का लागि आन्तरिक आय र बजेट सिमा गाँउसभाबाट अनुमोदन गर्न प्रस्ताव पेश गरेको छु ।

**निर्णय नं ९**

प्रस्ताव नं ९ मा छलफल गर्दा बजेट सिमा निर्धारण समितिले स्रोत अनुमान गरेको आगामी आ.व. २०७६/०७७ का लागि आन्तरिक आय र बजेट सिमा यसै गाँउसभाबाट अनुमोदन गरियो ।

**प्रस्ताव नं १०**

यस गाँउपालिकामा कार्यरत रहेका राष्ट्रसेवक कर्मचारीहरुले कार्यालय समयको अघिपछि खटिई कार्यालयको काममा थप सहयोग पुर्याए वापत कर्मचारीहरुको मनोवल उच्च राख्न खाईपाई आएको एक महिनाको तलब विशेष प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराइयोस भनि प्रस्ताव राख्दछु ।

**निर्णय नं १०**

प्रस्ताव नं १० मा छलफल गर्दा यस गाँउपालिकामा कार्यरत रहेका राष्ट्रसेवक कर्मचारीहरुले कार्यालय समयको अघिपछि खटिई कार्यालयको काममा थप सहयोग पुर्याए वापत कर्मचारीहरुको मनोवल उच्च राख्न खाईपाई आएको एक महिनाको तलब विशेष प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउन गाँउ कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११**

जग्गा प्राप्ति ऐन २०३४ तथा सो प्रयोजनका लागि नार्पा भूमि गाँउपालिकाको केन्द्र रहेको स्थान वा अन्य स्थानमा विगत दिनमा भएका प्रयास र प्रगति समेतलाई ध्यानमा राखि जग्गा प्राप्ति सम्वन्धी निर्णय वा कार्यान्वयन गर्ने गरि गाँउ कार्यपालिकालाई अख्तियारी प्रदान गरियोस भनि यस गरिमामय गाँउसभामा प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं ११**

प्रस्ताव नं ११ मा छलफल गर्दा जग्गा प्राप्ति ऐन २०३४ तथा सो प्रयोजनका लागि नार्पा भूमि गाँउपालिकाको केन्द्र च्याँखुमा रहेको स्थान वा अन्य स्थानमा विगतका दिनमा भएका प्रयास र प्रगति समेतलाई ध्यानमा राखि जग्गा प्राप्ति सम्वन्धी निर्णय वा कार्यान्वयन गर्ने गरि गाँउ कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १२**

आर्थिक एवं प्रशासनिक कार्यालयहरुलाई चुस्त दुरुस्त, छिटो–छरितो, प्रभावकारिता, मितव्यिता र पारदर्शिता गर्ने गराउने उद्देश्य लिई गाँउसभाबाट स्विकृति भएका निति, कार्यक्रम र बजेटको मर्म तथा भावनामा कुनै पनि फरक नपर्ने गरि छिटो–छरितो निर्णय गर्नु पर्ने आर्थिक तथा प्रशासनिक कामको लागि आगामि गाँउसभाबाट अनुमोदन हुने गरि आवश्यक निर्णय गर्नुपर्ने अधिकार गाँउकार्यपालिकालाई प्रत्यायोजित होस भनि प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं १२**

प्रस्ताव नं १३ मा छलफल गर्दा आर्थिक एवं प्रशासनिक कार्यालयहरुलाई चुस्त दुरुस्त, छिटो–छरितो, प्रभावकारिता, मितव्यिता र पारदर्शिता गर्न गराउन यस गाँउसभाबाट स्विकृत भएका निति, कार्यक्रम र बजेटको भावना बुझि आर्थिक तथा प्रशासनिक कामको लागि गर्नुपर्ने छिटो–छरितो निर्णय गर्न गाँउकार्यपालिकालाई अधिकार प्रत्यायोजित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १३**

यस नार्पा भूमि गा.पा. ले आ.व. २०७६/०७७ म विभिन्न क्षेत्रमा निर्माण काम, सामान ढुवानी (सामान अनुसार), भरियाको ढुवानी, कामदारको ज्याला र यातायातको ढुवानी जिल्ला दर रेटलाई आधार मानि स्थानीय दररेट कायम गर्ने प्रस्ताव पेश गरेको छु ।

**निर्णय नं १३**

प्रस्ताव नं १४ मा छलफल गर्दा यस नार्पा भूमि गा.पा. ले आ.व. २०७६/०७७ म विभिन्न क्षेत्रमा निर्माण काम, सामान ढुवानी (सामान अनुसार), भरियाको ढुवानी, कामदारको ज्याला र यातायातको ढुवानी जिल्ला दर रेटलाई आधार मानि स्थानीय दररेट कायम गर्ने प्रस्ताव यस गाँउसभाबाट पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १४**

नार्पा भूमि गाँउपालिकाका वडा नं १ देखि ५ सम्मको वडाहरुमा सञ्चालन गर्ने-गराउने योजनाहरुको डि.पि.आर. गर्न गाँउकार्यपालिकाको निर्णय यस गाउसभाबाट स्विकृति हुन प्रस्ताव पेश गरेको छु ।

**निर्णय नं १४**

प्रस्ताव नं १५ मा आवश्यक छलफल गर्दा यस नार्पा भूमि गाँउपालिकाको आगामी आ.व. २०७६/०७७ मा ५ वटै वडामा सञ्चालन हुने योजनाहरुको योजनाको प्रकृति र योजना कार्यान्वयन स्थान हेरि आवश्यक परेमा डि.पि.आर. गर्न-गराउन गाँउकार्यपालिकालाई अख्तियारि दिने यस गाँउसभाबाट सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं १५**

नार्पा भूमि गाँउपालिकाको आन्तरिक लेखापरिक्षण गर्न-गराउन आन्तरिक लेखा परिक्षक वा दर्तावाला लेखापरिक्षक वा कोष तथा लेखा नियन्त्रक कार्यालय वा नेपाल सरकारको निति नियम अनुसार गर्ने-गराउने कार्य, गाँउकार्यपालिकाको निर्णय यस गाँउसभाबाट स्विकृति हुन प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं १५**

प्रस्ताव नं १६ उपर आवश्यक छलफल गर्दा नार्पा भूमि गाँउपालिकाको आन्तरिक लेखापरिक्षण गर्न-गराउन आन्तरिक लेखा परिक्षक वा दर्तावाला लेखापरिक्षक वा कोष तथा लेखा नियन्त्रक कार्यालय वा नेपाल सरकारको निति नियम अनुसारगर्ने-गराउने कार्य सम्वन्धी गाँउ कार्यपालिकाको निर्णय आजको यस गाँउसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

**प्रस्ताव नं १६**

नार्पा भूमि गाँउपालिकाबाट आगामी वर्षमा सञ्चालन हुने क्रमागत योजनाहरु तपसिल बमोजिम हुने भएकाले कार्यपालिकाको निर्णय गाँउसभाबाट स्विकृति हुन प्रस्ताव पेश गरेको छु ।

तपसिल

क) कोतो च्याँखु सडक स्याउबारी खण्ड ट्र्याक ओपन

ख) फू सामूदायिक गुम्बा निर्माण

ग) क्याङभिरदेखी फू गाउँसम्मको बाटोमा ट्र्याक ओपन

घ) महेन्द्रपुल देखी नारसम्मको बाटो निर्माण

ङ) मेता विद्युतीकरण योजना

**निर्णय नं १६**

प्रस्ताव नं १७ मा छलफल गर्दा गाँउकार्यपालिकाबाट प्रस्ताव भएका तपसिल बमोजिमका योजनाहरुलाई आगामी आ.व. २०७६/०७७ मा क्रमागत रुपमा अगाडी बढाउने निर्णय आजको यस गाँउसभाबाट गरियो ।

तपसिल

क) कोतो च्याँखु सडक स्याउबारी खण्ड ट्र्याक ओपन

ख) फू सामूदायिक गुम्बा निर्माण

ग) क्याङभिरदेखी फू गाउँसम्मको बाटोमा ट्र्याक ओपन

घ) महेन्द्रपुल देखी नारसम्मको बाटो निर्माण

ङ) मेता विद्युतीकरण योजना

**प्रस्ताव नं १७**

नार्पा भूमि गाँउपालिकाको मिति २०७५ साल श्रावण १ गते देखि आजका मिति सम्मका विभिन्न मितिमा गरेका गाँउपालिका एवं गाँउकार्यपालिकाका बैठकका निर्णयहरु स्विकृति हुन वा अनुमोदन हुन यस गाँउसभामा प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं १७**

प्रस्ताव नं १८ उपर आवश्यक छलफल गर्दा नार्पा भूमि गाँउपालिकाको मिति २०७५ साल श्रावण १ गते देखि आजका मिति सम्मका विभिन्न मितिमा गरेका गाँउपालिका एवं गाँउकार्यपालिकाका बैठकका निर्णयहरु आजको यस गाँउसभाबाट स्विकृति तथा अनुमोदन गरियो ।

**प्रस्ताव नं १८**

साविक नार गा.वि.स. र फू गा.वि.स. हाल नार्पा भूमि गा.पा. मा रहि विभिन्न पदमा कामकाज गरिआएका कर्मचारीहरुको हाल म्याद थप नभई सेवा बाट वञ्चित रहेका कर्मचारीहरुले पुनः निरन्तरता पाउन पटक-पटक माग निवेदन पेश गरेकाले नेपाल सरकार वा सम्वन्धित निकाय बाट स्विकृति माग गरि प्राप्त स्विकृति भई आएमा निजहरुलाई पूर्व पदमा निरन्तरता दिनका लागि गाँउकार्यपालिकालाई अख्तियारि दिन यस गाँउसभा समक्ष प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं १८**

प्रस्ताव नं १९ उपर आवश्यक छलफल गर्दा साविक नार गा.वि.स. र फू गा.वि.स. हाल नार्पा भूमि गाँउपालिकामा सामाजिक परिचालिका पदमा रहि लामो समयसम्म कामकाज गरि-आएका साङ्गी छिमी लामा र साङ्गे खण्डो लामा हाल करार म्याद थप नभई सेवा बाट वञ्चित रहेको, यस गाँउपालिकामा कर्मचारीको अभाव रही काम-काज गर्न-गराउन नसकिएको साथै नार्पा भूमि वासी नागरिकहरुले दैनिक सेवा सुविधा पाउँन नसकेकाले निज सामाजिक परिचालिकाहरुलाई सेवा करार म्याद थप गरी निरन्तरता दिन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र ल्जिसिडिपि बाट पूर्व स्विकृति भई आएमा यस गाँउपालिकाको आन्तरिक आय-श्रोत बाट तलब भत्ता, स्थानीय भत्ता, महंगी भत्ता समेतका सुविधा दिई निरन्तरता दिन गाँउ कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**प्रस्ताव नं १९**

यस गरिमामय गाँउसभामा नार्पा भूमि गाँउपालिकाका उपाध्यक्ष श्री कोन्जो तेन्जिङ लामाले पेश गर्नुभएको आगामी आ.व. २०७६/०७७ का लागि अनुमानित आय-व्ययको विवरण स्विकृति हुनका लागि पेश गर्दछु ।

**निर्णय नं १९**

प्रस्ताव नं २० मा छलफल गर्दा यस नार्पा भूमि गाँउपालिकाका उपाध्यक्ष श्री कोन्जो तेन्जिङ लामाले पेश गर्नुभएको आगामी आ.व. २०७६/०७७ का लागि अनुमानित आय-व्ययको विवरणयस गाँउसभाबाट सर्व सहमतिमा स्विकृत गरियो ।

**प्रस्ताव नं २०**

यस गाँउपालिका अन्तर्गत अन्य निकायबाट सञ्चालन हुने योजनाहरुको समपूरक कोष (म्याचिङ फन्ड) को लागि आवश्यक बजेट विनियोजित होस भनि यस सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु ।

**निर्णय नं २०**

प्रस्ताव नं २१ मा छलफल गर्दा यस गाँउपालिका अन्तर्गत अन्य निकायबाट सञ्चालन हुने योजनाहरुको समपूरक कोष (म्याचिङ फन्ड) को लागि रु ३०,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २१**

नार्पा भूमि गाँउपालिकामा प्राथमिकतामा भई आएका आ.व. २०७६/०७७ मा बजेट विनियोजन गर्न नसकिएका अनुसुचि -७ मा उल्लेख भएका कार्यक्रम तथा योजनाहरुलाई नेपाल सरकार वा प्रदेश सरकार र अन्य सम्वन्धित निकायमा बजेट माग गरि कार्यान्वयन गर्नका लागि अनुमोदन गरियोस भनि पेश गर्दछु ।

**निर्णय नं २१**

प्रस्ताव नं २२ मा छलफल गर्दा नार्पा भूमि गाँउपालिकामा प्राथमिकतामा भई आएका आ.व. २०७६/०७७ मा बजेट विनियोजन गर्न नसकिएका अनुसुचि -७ मा उल्लेख भएका कार्यक्रम तथा योजनाहरुलाई नेपाल सरकार वा प्रदेश सरकार र अन्य सम्वन्धित निकायमा बजेट माग गरि कार्यान्वयन गर्नका लागि अनुमोदन गरियोस भन्ने प्रस्ताव आजको यस गाँउसभाबाट स्विकृत गरियो ।

**प्रस्ताव नं २२**

नार्पा भूमि गाँउपालिकाको तपसिल बमोजिमको वडामा पर्ने विभिन्न हिमालमा पर्वतारोहण खुल्ला गर्न तथा स्विकृति प्राप्त गर्न सम्वन्धित मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने ।

**तपसिल**

| सि.नं. | हिमालको नाम | उचाई | वडा नं |
|---|---|---|---|
| १ | तेरि हिमाल | | वडा नं १ |
| २ | आमाचाङ हिमाल | | वडा नं १ |
| ३ | काङ्ला हिमाल | | वडा नं १ |
| ४ | ज्योसुङ हिमाल | | वडा नं १ |
| ५ | मेन्दल हिमाल | | वडा नं १ |
| ६ | घम्ला हिमाल | | वडा नं १ |
| ७ | नम्फ्या हिमाल | | वडा नं २ |
| ८ | च्याँखु हिमाल | | वडा नं ३ |
| ९ | नाम्जुङ (Nemjung) हिमाल | ७१४० मि. | वडा नं ४ |
| १० | नेम्जु हिमाल (Nemju) | ६४०४ मि. | वडा नं ४ |
| ११ | फोखर खाङ (Pokhar khang) | ६३७२ मि. | वडा नं ५ |

**निर्णय नं २२**

प्रस्ताव नं २३ मा छलफल गर्दा गाँउकार्यपालिकाले यस नार्पा भूमि गाँउपालिकाको ५ वटै वडामा रहेका तपसिल बमोजिमका हिमालहरुमा पर्वतारोहण खुल्ला गर्ने तथा स्विकृति प्राप्त गर्न सम्वन्धित मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरेकोमा सो प्रस्ताव यस गाँउपालिकाको पर्यटन क्षेत्रको लागि टेवा पुर्याउने हुँदा सो प्रस्ताव यस गाँउसभाबाट सर्व सहमतीले पास गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | हिमालको नाम | उचाई | वडा नं |
|---|---|---|---|
| १ | तेरि हिमाल | | वडा नं १ |
| २ | आमाचाङ हिमाल | | वडा नं १ |

| | | | |
|---|---|---|---|
| ३ | काङ्ला हिमाल | | वडा नं १ |
| ४ | ज्योसुङ हिमाल | | वडा नं १ |
| ५ | मेन्दल हिमाल | | वडा नं १ |
| ६ | घम्ला हिमाल | | वडा नं १ |
| ७ | नम्या हिमाल | | वडा नं २ |
| ८ | च्याँखु हिमाल | | वडा नं ३ |
| ९ | नाम्जुङ (Nemjung) हिमाल | ७१४० मि. | वडा नं ४ |
| १० | नेम्जु हिमाल (Nemju) | ६४०४ मि. | वडा नं ४ |
| ११ | फोखर खाङ (Pokhar khang) | ६३७२ मि. | वडा नं ५ |

**प्रस्ताव नं २३**

नार्पा भूमि गाँउपालिकाको १ र ५ नं वडामा रहेको नेपाल टेलिकमको मोबाइल टावर र भिस्याट (VSAT) बेला-बेलामा मौसमि तथा अन्य कारणले बिग्रदा त्यस्को लागि तालिम प्राप्त प्राविधिक नहुँदा लामो समयसम्म सञ्चार सेवा बाट वञ्चित हुने समस्या बाट टाढा रहन १ र ५ नं वडा बाट १/१ जनालाई मोबाइल टावर तालिम दिई मासिक न्युनतम तलब तोकि हेरालुको रुपमा राख्न प्रस्ताव पेश गरेको छु।

**निर्णय नं २३**

प्रस्ताव नं २४ उपर आवश्यक छलफल गर्दा नार्पा भूमि गाँउपालिका अन्तर्गत वडा नं १ नार र वडा नं ५ मा रहेको मोबाइल टावर मर्मत तथा सम्भार गर्न १/१ जना तालिम प्राप्त प्राविधिक कर्मचारी राख्न पर्ने आवश्यक भएकाले नियमानुसार न्युनतम पारिश्रमिक तोकि कर्मचारी नियुक्ति गर्न गाँउकार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**प्रस्ताव नं २४**

फू वडा नं ५ स्थित छोकर्ण (Tso Karnak) र छिपु क्षेत्र (गुरु रिन्पोछेको पवित्र स्थल) लाई धार्मिक तथा पर्यटकिय स्थलको रुपमा विकसित गर्ने, प्रवर्धन गर्ने र आवश्यक ठाँउमा प्रचार प्रसार गर्न यस सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु ।

**निर्णय नं २४**

प्रस्ताव नं २५ उपर आवश्यक छलफल गर्दा फू वडा नं ५ स्थित छोकर्ण (Tso Karnak) र छिपु क्षेत्र (गुरु रिन्पोछेको पवित्र स्थल) लाई धार्मिक तथा पर्यटकिय स्थलको रुपमा विकसित गर्ने, प्रवर्धन गर्ने र आवश्यक ठाँउमा प्रचार प्रसार गर्ने यस गाँउसभाबाट निर्णय गरियो।

**प्रस्ताव नं २५**

नार्पा भूमि गाँउपालिका केन्द्र च्याँखुमा केन्द्रिय सरकार संघ बाट/ गण्डकी प्रदेश सरकार र जिल्ला स्थित विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट विशिष्ट व्यक्तिहरुको आगमन हुँदा नार्पा भूमि गाँउपालिका च्याँखुमा पाहुना घर निर्माण गर्न अत्यन्त आवश्यक देखिएको हुँदा पाहुना घर निर्माणका लागि प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं २५**

प्रस्ताव नं २६ मा छलफल गर्दा यस नार्पा भूमि गाँउपालिका केन्द्र च्याँखुमा केन्द्रिय सरकार संघ बाट/ गण्डकी प्रदेश सरकार र जिल्ला स्थित विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट विशिष्ट व्यक्तिहरुको आगमन हुँदा नार्पा भूमि गाँउपालिका च्याँखुमा पाहुना घर निर्माण गर्न अत्यन्त आवश्यक देखिएको हुँदा पाहुना घर निर्माणका लागि गाँउकार्यपालिका बाट आएको प्रस्ताव आजको यस गाँउसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २६**

नार्पा भूमि गाँउपालिका केन्द्र च्याँखुमा प्रहरी चौकी निर्माण र स्थापनाको लागि आवश्यक जग्गा उपलब्ध गराई सम्वन्धित मन्त्रालय, तथा निकायहरुमा समन्वय तथा पत्राचार गर्नका लागि गाँउसभामा प्रस्ताव पेश गर्दछु ।

**निर्णय नं २६**

प्रस्ताव नं २७ उपर आवश्यक छलफल गर्दा यस नार्पा भूमि गाँउपालिका केन्द्र च्याँखुमा प्रहरी चौकी निर्माण र स्थापनाको लागि आवश्यक जग्गा उपलब्ध गराई सम्वन्धित मन्त्रालय, तथा निकायहरुमा समन्वय तथा पत्राचार गर्नका लागि गाँउकार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं २७**

नार्पा भूमि गाँउपालिका केन्द्र च्याँखु तथा ५ वटा वडा कार्यालयमा ईन्टरनेट जडानका लागि विभिन्न ईन्टरनेट सेवा प्रदायक कम्पनि, नेपाल टेलिकम र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयसँग आवश्यक सहयोग माग्ने र ईन्टरनेट जडानका लागि गा.पा. बाट पर्याप्त मात्रामा बजेट विनियोजन गर्ने प्रस्ताव पेश गर्न चाहान्छु ।

**निर्णय नं २७**

प्रस्ताव नं २८ मा आवश्यक छलफल गर्दा नार्पा भूमि गाँउपालिका केन्द्र च्याँखु तथा ५ वटा वडा कार्यालयमा ईन्टरनेट जडानका लागि विभिन्न ईन्टरनेट सेवा प्रदायक कम्पनि, नेपाल टेलिकम र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयसँग आवश्यक सहयोग माग्ने र ईन्टरनेट जडानका लागि गा.पा. बाट प्रयाप्त मात्रामा बजेट विनियोजन गर्ने कार्यपालिकाको प्रस्ताव उपर सो कामको आवश्यक खर्च चालु खर्च शिर्षकको विविध वा अन्य बाट खर्च लेखि कामकाज गर्न गाँउ कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**प्रस्ताव नं २८**

नार्पा भूमि गाँउपालिका क्षेत्रभित्र गाँउपालिकाको विकास हुने या गाँउपालिकालाई फाइदा हुने खालका योजना कार्यक्रम सहित कुनै गैर सरकारी संस्थाले प्रस्ताव गरेमा त्यस्ता गैर सरकारी संस्थाको प्रस्ताव स्विकार गर्ने वा नगर्ने अधिकार गाँउ कार्यपालिकालाई हुने गाँउ कार्यपालिकाको निर्णय अनुमोदन गरियोस भन्ने प्रस्ताव पेश गर्न चाहन्छु ।

**निर्णय नं २८**

प्रस्ताव नं २८ मा आवश्यक छलफल गर्दा नार्पा भूमि गाँउपालिका क्षेत्रभित्र गाँउपालिकाको विकास हुने या गाँउपालिकालाई फाइदा हुने खालका योजना कार्यक्रम सहित कुनै गैर सरकारी संस्थाले प्रस्ताव गरेमा त्यस्ता गैर सरकारी संस्थाको प्रस्ताव स्विकार गर्ने वा नगर्ने अधिकार गाँउ कार्यपालिकालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २९**

यस नार्पा भूमि गाँउपालिका भित्र रहनु भएका विपन्न तथा असाहय नागरिकलाई यसै आ.व. २०७६/०७७ देखि सामाजिक सुरक्षा तथा सहायता स्वरुप गा.पा. अध्यक्ष श्री मिङमा छिरीङ लामा ज्यूको सिफारिसमा एक पटकमा रु ५००० भन्दा बढी नहुने गरी आथिक सहायता प्रदान गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**मिर्णय नं २९**

प्रस्ताव नं ३० उपर छलफल गर्दा यस नार्पा भूमि गाँउपालिका भित्र रहनु भएका विपन्न तथा असाहय नागरिकलाई यसै आ.व. २०७६/०७७ देखि सामाजिक सुरक्षा तथा सहायता स्वरुप गाँउपालिका अध्यक्ष श्री मिङमा छिरीङ लामा ज्यूको सिफारिसमा एक पटकमा रु ५००० भन्दा बढी नहुने गरी आथिक सहायता प्रदान कार्य कार्यविधी वा समिति बनाई उक्त समितिको सिफारिसमा गरियोस भन्ने निर्णय आजको यस गाँउसभाबाट निर्णय गरियो ।

<u>**प्रस्ताव नं ३०**</u>

नार र फू गाँउमा रहेका युवा क्लबहरु तथा आमा-समूहहरुको सम्वन्धमा

**निर्णय नं ३०**

प्रस्ताव नं ३१ उपर छलफल गर्दा साविकको नार र फू गा.वि.स. मा रहेका युवा क्लबहरु तथा आमा-समूहहरु लामो समय सम्म नविकरण नभएकाले निस्क्रिय सरह रहेकोले अव पश्चात सो क्लव र आमा-समूहहरुको नविकरण र लेखा परिक्षण गराई यथाशीघ्र नयाँ कार्य- समिति गठन गरी सक्रिय बनाउने र अद्यावधिक गराउने निर्णय आजको गाँउसभाबाट गरियो।

<u>**प्रस्ताव नं ३१**</u>

यार्सागुम्वा संकलन र छुटपूर्जि सम्वन्धमा

**निर्णय नं ३१**

प्रस्ताव नं ३२ उपर छलफल गर्दा यस नार्पा भूमि गा.पा.को वडा नं १,२,३ (नार गाँउ) र वडा नं ४,५ (फू गाँउ) यार्चागुम्बुको संकलन पूर्जि कर र छुटपूर्जि कर सो गाँउहरुमा रहेका संस्था CAMC र यस गा.पा. बिच आ-आफ्नो नगदी रसिदको प्रयोग गरी तपसिल बमोजिम बाँडफाड गर्ने र संकलन गर्ने तथा नार्पा भूमि गाँउपालिका क्षेत्र भित्र संकलन र निकासि हुने यार्सागुम्वा वा तथा निकासी हुने अन्य खालका जडिबुटिहरुको संकलन, छुटपूर्जी कर सम्वन्धमा गाँउकार्यपालिकाले यस पूर्व विभिन्न मितिमा गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१. यार्चागुम्बुको संकलन कर

गा.पा. तर्फ बाट ५० प्रतिशत र सिएमसि को तर्फ बाट ५० प्रतिशत

२. छुटपूर्जी कर

गा.पा. तर्फ बाट रु १५,०००।- प्रति किलो र सिएमसि को तर्फ बाट रु १०,०००।- प्रति किलो

**प्रस्ताव नं ३२**

था खोला जलविद्‌युत (नार गाँउ) र ना खोला जलविद्‌युत (फू गाँउ) को सम्वन्धमा

**निर्णय नं ३२**

प्रस्ताव नं ३३ मा छलफल गर्दा यस नार्पा भूमि गाँउपालिकाको वडा नं १ नार गाँउमा रहेको कामको था खोला लघु जलविद्‌युत जल उपभोक्ता संस्था र वडा नं ४ को वागल वस्तीमा रहेको ना खोला लघु जलविद्‌युत उपभोक्ता संस्था लाई स्थानीय रुपमा दर्ता गराउने अद्यावधिक र लेखा परिक्षण तथा नविकरण गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ३३**

आ.व. २०७६/०७७ को  आर्थिक ऐन सम्वन्धमा

**निर्णय नं ३३**

प्रस्ताव नं ३४ मा छलफल गर्दा आगामी आ.व. २०७६/०७७ देखि श्रोत तथा अनुगमन समिति र स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन तथा आर्थिक ऐन २०७६ अन्तर्गत पारित भएका कार्यविधि अनुसार यस गा.पा. मा रहेका सम्पूर्ण क्षेत्रहरुमा कर उठाउने र सम्पूर्ण गाँउवासीलाई करको दायित्व बुझाई सबैलाई करको दायरामा ल्याउने र यस गा.पा.को राजश्व बढाउने तथा समृद्द बनाउने निर्णय गरियो ।

**प्रस्ताव नं ३४**

वडा सचिवहरुको दरवन्दी रिक्त रहेको अवस्थामा तथा शाखाको कामकाज नियमित राख्ने सम्वन्धमा

**निर्णय नं ३४**

प्रस्ताव नं ३५ को सम्वन्धमा छलफल गर्दा यस नार्पा भूमि गाँउपालिकाको वडा कार्यालयहरुमा दरवन्दी रिक्त हुन आएमा नियमित काम-काज गराउनलाई गा.पा. भित्र रहेका स्वास्थ्य तथा शिक्षा शाखाका कर्मचारीहरुलाई काम-काज गराउन सक्ने निर्णय आजको यस गाँउसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

**प्रस्ताव नं ३५**

कोतोमा गा.पा. स्टोर भाडामा लिने सम्वन्धमा

**निर्णय नं ३५**

प्रस्ताव नं ३६ को सम्वन्धमा आवश्यक छलफल गर्दा यस नार्पा भूमि गाँउपालिकामा मोटर बाटोको पहुँच नभएकाले यस गा.पा. लाई आवश्यक सामाग्रीहरु भण्डारण र ढुवानी गर्नका लागि यस गा.पा.को प्रवेश क्षेत्र चामे गाँउपालिकाको कोतो क्षेत्रमा केहि कोठाहरु भाडामा लिई सञ्चालन गर्ने निर्णय आजको यस गाँउसभाबाट गरियो ।

**प्रस्ताव नं ३६**

बौद्द गुम्बा व्यवस्थापन समिति सम्वन्धमा

**निर्णय नं ३६**

प्रस्ताव नं ३७ उपर छलफल गर्दा यस नार्पा भूमि गाँउपालिका भित्र रहेका बौद्द गुम्बाहरु तथा चैत्याहरु र अरु धार्मिक सम्पदाहरुको संरक्षण र संवर्द्धन गर्नका लागि राष्टिय गुम्बा व्यवस्थापन आयोगमा सूचिकृत गराउने र आवश्यक सहयोगको अपिल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३७**

कृषि प्राविधिक कर्मचारी करारमा नियुक्ति सम्वन्धमा

**निर्णय नं ३७**

प्रस्ताव नं ३८ उपर आवश्यक छलफल गर्दा यस नार्पा भूमि गाँउपालिकामा कृषि प्रसार कार्यक्रम प्रभावकारी बनाउन एक जना कृषि प्राविधिक जे.टि./जे,टि.ए. करार सेवामा आवश्यक प्रक्रिया पुरा गरी नियुक्ति गर्ने प्रस्ताव गरियो ।

**प्रस्ताव नं ३८**

कृषि शाखाको सहजिकरण गर्न कार्यालय सहयोगी करारमा नियुक्ति

**निर्णय नं ३८**

प्रस्ताव नं ३९ मा आवश्यक छलफल गर्दा यस नार्पा भूमि गाँउपालिकाको कृषि सामाग्रीहरु वितरण तथा सहजीकरण गर्ने कार्यको लागी यसै गाँउपालिका वडा नं १ मा स्थायी बसोबास गर्ने पेम्बा छोमा लामालाई कार्यालय सहयोगी पदमा करारमा नियुक्ति गर्ने प्रस्ताव पेश गरियो ।

**प्रस्ताव नं ३९**

आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) सम्वन्धमा

**निर्णय नं ३९**

प्रस्ताव नं ४० मा आवश्यक छलफल गर्दा यस गाँउपालिका भित्र उपभोक्ता समिति, निर्माण व्यवसायि तथा कामदार मार्फत सञ्चालित योजनामा ५ प्रतिशत आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) कट्टा गर्ने प्रस्ताव पारित गरियो ।

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

अनुसूची -१

## आय विवरण

## आ.व. २०७६/०७७

रु.हजारमा

| शीर्षक | गत आ.व. ०७४/०७५ को यथार्थ | चालु आ.व. ०७५/०७६ को संशोधित अनुमान | आ.व. २०७६/०७७ को अनुमान |
|---|---|---|---|
| आयतर्फः | | | |
| राजश्वः | | | |
| आन्तरिक राजश्व | | | |
| राजश्व बाँडफाँडबाट प्राप्त रकमः | | | ३५१०२ |
| नेपाल सरकारबाट प्राप्त | | | ३५००० |
| प्रदेश सरकारबाट प्राप्त | | | १०२ |
| * अन्य आय (संचित कोष)+प्राप्त रोयल्टी | | | १८११० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरणः | | | ११२२५३ |
| नेपाल सरकारबाट प्राप्तः | | | ९०२०० |
| वित्तीय समानीकरण अनुदान | | | ६७००० |
| सशर्त अनुदान | | | २३२०० |
| समपूरक अनुदान | | | ० |
| विशेष अनुदान | | | ० |
| प्रदेश सरकारबाट प्राप्तः | | | २२०५३ |
| वित्तीय समानीकरण अनुदान | | | १२०५३ |
| सशर्त अनुदान | | | ० |
| समपूरक अनुदान | | | ० |
| विशेष अनुदान | | | १०००० |
| अन्तर स्थानीय तहबाट प्राप्त | | | ० |
| जनसहभागिताः | | | आयोजनामा १०% |
| नगद सहभागिता | | | |
| श्रम तथा वस्तुगत सहायता | | | |
| | | जम्माः | १६५४६५ |
| व्ययः | | | |
| चालु खर्च : | | | ३९८३० |
| पूँजिगत खर्च : | | | ९२४३५ |
| सशर्त अनुदान | | | २३२०० |
| विशेष अनुदान | | | १०००० |
| | | जम्माः | १६५४६५ |
| बजेट वचत (+)/न्यून (-) | | | |
| वित्तीय व्यवस्था | | | |
| खुद ऋण लगानी (-) | | | |
| ऋण लगानीको साँवा फिर्ता प्राप्ती (+) | | | |
| | | | |
| खुद शेयर लगानी | | | |
| शेयर लगानी (-) | | | |
| शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | | | |
| खुद ऋण प्राप्ती | | | |
| ऋणको साँवा भुक्तानी (+) | | | |
| ऋण प्राप्ति (+) | | | |
| अन्तिम बजेट वचत (+)/न्यून (-) | | | 0.00 |

मिङ्मा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

अनुसूची -३

# व्यय अनुमान

## आ.व. २०७६/०७७

रु. हजारमा

| | शीर्षक | आ.व. २०७४/०७५ को यथार्थ | आ.व.२०७५/०७६ को संशोधित अनुमान | आ.व. २०७६/०७७ को अनुमान | श्रोत: आन्तरिक श्रोत | अन्तरसरकारी वित्तीय हस्तान्तरण: नेपाल सरकार | अन्तरसरकारी वित्तीय हस्तान्तरण: प्रदेश सरकार | अन्तरसरकारी वित्तीय हस्तान्तरण: स्थानीय सरकार | ऋण | जनसहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| चालु खर्च | | | | | | | | | | |
| २१००० | पारिश्रमिक/सुविधा | | | | | | | | | |
| २११०० | पारिश्रमिक सुविधा | | | | | | | | | |
| २१११० | नगदमा दिईने पारिश्रमिक र सुविधा | | | | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | | | ९००० | | | | | | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | | | ३२०० | | | | | | |
| २११२० | जिन्सी वा जिन्सी वापत कर्मचारीलाई दिईने पारिश्रमिक सुविधा | | | | | | | | | |
| २११२१ | पोशाक | | | ४५० | | | | | | |
| २११२२ | खाद्यान्न | | | | | | | | | |
| २११२३ | औषाधी उपचार खर्च | | | | | | | | | |
| २११३० | कर्मचारी भत्ता | | | | | | | | | |
| २११३१ | स्थानीय भत्ता | | | ३००० | | | | | | |
| २११३२ | महंगी भत्ता | | | ७३० | | | | | | |
| २११३३ | फिल्ड भत्ता | | | | | | | | | |
| २११३४ | कर्मचारी बैठक भत्ता | | | १०० | | | | | | |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | ५० | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २११३९ | अन्य भत्ता | | | | | | | | |
| २११४० | पदाधिकारी भत्ता तथा अन्य सुविधा | | | ५० | | | | | |
| २११४१ | पदाधिकारी वैठक भत्ता | | | | | | | | |
| २११४२ | पदााधिकारी अन्य सुविधा | | | ५०० | | | | | |
| २११४९ | पदाधिकारीको अन्य भत्ता | | | | | | | | |
| २२११० | सेवा महसुल | | | १०० | | | | | |
| २२१११ | पानी तथा विजुली | | | | | | | | |
| २२११२ | संचार महसुल | | | १०० | | | | | |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | | | ३०० | | | | | |
| २२२०० | पूँजीगत सम्पत्तिको सञ्चालन र सम्भार | | | | | | | | |
| २२२१० | सवारी साधनको संचालन तथा सम्भार खर्च | | | | | | | | |
| २२२११ | इन्धन (पदाधिकारी) | | | १०० | | | | | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | | | ३०० | | | | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | | | २०० | | | | | |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | | | १०० | | | | | |
| २२२२० | मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च | | | | | | | | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | ४०० | | | | | |
| २२२३० | निर्मित सार्वजनिक सम्पत्तिको संभार खर्च | | | | | | | | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | | | ३०० | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२२९० | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | | | | | | | | | |
| २२२९१ | अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | | | | | | | | | |
| २२३१० | कार्यालय सामान तथा सेवाहरु | | | | | | | | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | | | ३००० | | | | | | |
| २२३१२ | पशुपंक्षीहरुको आहार | | | ७०० | | | | | | |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | | | १०० | | | | | | |
| २२३१४ | इन्धन-अन्य प्रयोजन | | | ४०० | | | | | | |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | | | ७०० | | | | | | |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | | | ३०० | | | | | | |
| २२४०० | सेवा तथा परामर्श खर्च | | | | | | | | | |
| २२४१० | परामर्श तथा  अन्य सेवा शुल्क | | | | | | | | | |
| २२४११ | सेवा र परामर्श खर्च | | | ३०० | | | | | | |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | ३०० | | | | | | |
| २२४१३ | करार सेवा शुल्क | | | २००० | | | | | | |
| २२४१९ | अन्य सेवा शुल्क | | | २०० | | | | | | |
| २२४१४ | सरसफाई सेवा शुल्क | | | ३०० | | | | | | |
| २२५०० | कार्यक्रम सम्बन्धी खर्चहरु | | | | | | | | | |
| २२५१० | तालिम तथा गोष्ठी | | | | | | | | | |
| २२५११ | कर्मचारी तालिम खर्च | | | ५०० | | | | | | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | २००० | | | | | | |
| २२५२० | उत्पादन सामग्री सेवा खर्च | | | | | | | | | |
| २२५२१ | उत्पादन सामग्री सेवा खर्च | | | ३०० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२५२२ | कार्यक्रम खर्च | | | ८०० | | | | | | |
| २२५२९ | विविध कार्यक्रम खर्च | | | १००० | | | | | | |
| २२६०० | अनुगमन, मूल्यांकन र भ्रमण खर्च | | | | | | | | | |
| २२६१० | अनुगमन, मुल्यांकन र भ्रमण खर्च | | | | | | | | | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | | | १५०० | | | | | | |
| २२६१२ | भ्रमण खर्च | | | ५०० | | | | | | |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | | | २०० | | | | | | |
| २२६१९ | अन्य भ्रमण खर्च | | | ५० | | | | | | |
| २२७०० | विविध खर्च | | | | | | | | | |
| २२७१० | विविध खर्च | | | | | | | | | |
| २२७११ | विविध खर्च | | | १५०० | | | | | | |
| २२७२० | सभा सञ्चालन खर्च | | | | | | | | | |
| २२७२१ | सभा सञ्चालन खर्च | | | ६०० | | | | | | |
| २५००० | सहायता | | | | | | | | | |
| २५३१० | अन्य सामाजिक संस्थालाई सहायता | | | | | | | | | |
| २५३११ | शैक्षिक संस्थाहरुलाई सहायता | | | | | | | | | |
| २५३१२ | स्वास्थ्य संस्थाहरुलाई सहायता | | | | | | | | | |
| २५३१५ | अन्य सहायता | | | | | | | | | |
| २६३३० | आन्तरिक अनुदान | | | | | | | | | |
| २६३३२ | सशर्त अनुदान | | | | | | | | | |
| २७११० | सामाजिक सुरक्षा | | | | | | | | | |
| २७१११ | सामाजिक सुरक्षा | | | १०० | | | | | | |
| २७२०० | सामाजिक सहायता | | | | | | | | | |
| २७२१० | सामाजिक सहायता | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २७२११ | छात्रबृत्ति | | | | | | | | | |
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | | | ५०० | | | | | | |
| २७२१३ | औषधी खरिद खर्च | | | ५०० | | | | | | |
| २७२१९ | अन्य सामाजिक सहायता | | | | | | | | | |
| २८००० | अन्य खर्च | | | | | | | | | |
| २८१४९ | अन्य भाडा | | | २००० | | | | | | |
| २८१४२ | घर भाडा | | | ५०० | | | | | | |
| २८९०० | भैपरी आउने चालु खर्च | | | | | | | | | |
| २८९११ | भैपरी आउने चालु खर्च | | | | | | | | | |
| | सामाजिक सुरक्षा भत्ता | | | | | | | | | |
| | सशर्त अनुदान चालु प्रकृतिको : | | | | | | | | | |
| | | | जम्मा चालु | ३९८३० | | | | | | |
| पूंजीगत खर्च | | | | | | | | | | |
| ३१११२ | भवन निर्माण | | | | | | | | | |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | | | | | | | |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | | | ७९० | | | | | | |
| ३११२० | सवारी साधन तथा मेशीनरी औजार | | | | | | | | | |
| ३११२१ | सवारी साधन | | | १००० | | | | | | |
| ३११२२ | मेशिनरी तथा औजार | | | ४०० | | | | | | |
| ३११३० | अन्य पूजीगत खर्च | | | | | | | | | |
| ३११३१ | पशुधन तथा बागबानी विकास खर्च | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३११३२ | कम्प्यूटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ति प्राप्ति खर्च | | | ५०० | | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | | ८६७४५ | | | | | | |
| ३११५१ | सडक तथा पुल निर्माण | | | | | | | | | |
| ३११५५ | सिंचाई संरचना निर्माण | | | | | | | | | |
| ३११५६ | खानेपानी संरचना निर्माण | | | | | | | | | |
| ३११५७ | वन तथा वातावरण संरक्षण | | | | | | | | | |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | | | | | | | | | |
| ३११७० | पूँजीगत सुधार खर्च | | | | | | | | | |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | | | | | | | | | आ.व्य.बाट |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | | | | | | | | | |
| ३१४१० | प्राकृतिक सम्पत्ति | | | | | | | | | |
| ३१४११ | जग्गा प्राप्ति | | | | | | | | | |
| ३१५११ | भैपरी आउने पूँजीगत खर्च | | | | | | | | | |
| | समपूरक कोष : (समपूरक अनुदान प्राप्त हुने खालका आयोजनाका लागि) | | | २००० | | | | | | |
| ०७५/०७६ को विपद व्यवस्थापन कोषको निरन्तरता | | | | १००० | | | | | | |
| जम्मा पूँजीगत | | | | ९२४३५ | | | | | | |
| विशेष अनुदान | | | | १०००० | | | | | | |
| सशर्त अनुदान (के) | | | | २३२०० | | | | | | |
| | | | जम्मा | १६५४६५ | | | | | | |

## गाउँपालिका बाट

| सिनं. | योजनाको नाम | सञ्चालन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | Excavator: JCB | | १,३०,००,०००।- |
| २ | जग्गा प्राप्ति | | २०,००,०००।- |
| ३ | नारफू पर्यटन प्रवर्द्धन | | १५,००,०००।- |
| ४ | च्याँखु गुरुयोजना | | २५,००,०००।- |
| ५ | मेता विद्युतिकरण | | ३०,००,०००।- |
| ६ | प्रहरि चौकी | | ४५,०००।- |
| ७ | प्रहरी चौकी मेता | | २,००,०००।- |
| ८ | युवा क्लब नार गाँउ | | ३,००,०००।- |
| ९ | युवा क्लब फू गाँउ | | १,००,०००।- |
| १० | साम्डु छेलिङ गुम्बा | | १,०५,०००।- |
| | जम्मा | | २,२७,५०,०००।- |

### विषयगत कार्यक्रम तथा योजनाहरु:

| सिनं. | विषय | बजेट |
|---|---|---|
| १. | स्वास्थ्य | ७,००,०००।- |
| २. | शिक्षा विधालय | २,००,०००।- |
| ३. | सुचना प्राविधि | ५,००,०००।- |
| ४. | कृषि शाखा | १६,९५,०००।- |
| ५. | पशु | ६,००,०००।- |
| ६. | महिला विकास | ४,००,०००।- |
| | जम्मा | ४०,९५,०००।- |

## वडा नं १

| सिनं. | योजनाको नाम | सञ्चालन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | कामको था खोला जलविद्युतको कुलोलाई आर.सि.सि. ढलान | नार | ४०,००,०००। |
| २ | माङकाङ देखि पाङके सम्मको कुलो मर्मत | नार | १५,००,०००। |
| ३ | साम्डुछेलिङ गुम्बामा पर्खाल र गेट निर्माण | नार | २०,००,०००। |
| ४ | तेरिला गोरेटो बाटो निर्माण | लेप्चे | १५,००,०००। |
| ५ | महेन्द्रपुल देखि नार सम्मको बाटो निर्माण | नार | १५,००,०००। |
| ६ | घेम्तेङ गेट निर्माण | नार | ५,००,०००। |
| ७ | मेन्दल देखि क्रयावोङ सम्म बाटो मर्मत | लेप्चे | ८,००,०००। |
| | जम्मा | | १,१८,००,०००।- |

## वडा नं २

| सिनं. | योजनाको नाम | सञ्चालन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | प्रङ्ग्रेन भिरमा विष्फोट | नाम्म्य | ३५,००,०००।- |
| २ | स्याउबारी भिर ट्र्याक ओपन | मेता | ३५,००,०००।- |
| ३ | सिङमार घ्याटि बाटो मर्मत | सिङमार घ्याटि | १०,००,०००।- |
| ४ | मेता गाँउमा सामुदायिक भवन निर्माण | मेता | १०,००,०००।- |
| ५ | सत्य गुम्बा मर्मत | सत्य गुम्बा | १५,००,०००।- |
| ६ | तातोपानी भिरको बाटो मर्मत | तातोपानी | ४०,००,०००।- |
| | जम्मा | | १,४५,००,०००। |

## वडा नं ३

| सिनं. | योजनाको नाम | सञ्चालन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | च्याँखुमा पाहुना घर | च्याँखु | ७०,००,०००।- |
| २ | च्याँखुमा हेलिप्याड निर्माण | च्याँखु | २,००,०००।- |
| ३ | छ्युचे गुम्बामा बाटो मर्मत | ताङराङजे | ३,००,०००।- |
| ४ | महेन्द्रपुल देखि तल्लो च्याप सम्म बाटो निर्माण | च्याप | २०,००,०००।- |
| ५ | खेलमैदान निर्माण | च्याँखु | २०,००,०००।- |
| | जम्मा | | १,१५,००,०००।- |

## वडा नं ४

| सि.नं | योजनाको नाम | सञ्चालन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | क्याङ भिर देखि फू गेट सम्म ट्र्याक ओपन | फू गाँउ | ४५,००,०००।- |
| २ | मुर्चु खोला देखि क्याङ सम्म बाटो | मुर्चु क्याङ | १०,००,०००। |
| ३ | क्याङमा माने गुम्बा निर्माण | क्याङ | २५,००,०००।- |
| ४ | होमा मा खच्चड थुन्ने खोर | होमा | १५,००,०००।- |
| ५ | नमजुङ ङोया बाटो निर्माण | फू | १०,००,०००।- |
| ६ | ना खोला जलविद्युत | फू | ५,००,०००।- |
| | जम्मा | | १,१०,००,०००।- |

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

## वडा नं ५

| सिनं. | योजनाको नाम | सञ्चालन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | टासि लाकाङ  गुम्बामा फिनिसिङ र सिमजुङ र किचनमा जस्तापाता | टासिलाकाङ | १५,००,०००।– |
| २ | छोकर्ण युवा क्लव भवन निर्माण | फू गाँउ | १०,००,०००।- |
| ३ | आमा समुहको गेट निर्माण | फू गाँउ | ७,००,०००।- |
| ४ | टासि घाङमा खानेपानी निर्माण | टासि घाङ | ५,००,०००।- |
| ५ | भाल्टे खोलामा तटवन्ध | भाल्टे खोला | ५,००,०००।- |
| ६ | धुरजुङ खोला काठेपुल र तटवन्ध | फू गाँउ | १०,००,०००।- |
| ७ | कर्मचारी भवन फिनिसिङ | फू गाँउ | १५,००,०००।- |
| ८ | नयाँ फू सामुदायिक गुम्बा निर्माण | फू गाँउ | ४०,००,०००।- |
| ९ | दुलु खोला तटबन्ध निर्माण | फू गाँउ | ४,००,०००।- |
| | जम्मा | | १,११,००,०००।- |